# मिति २०७९ साल असार ०२ गतेको कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरुः-**

१. समिक्षा सम्बन्धमा।

२. स्थानीय राजश्व परामर्श समिति पुनःगठन सम्बन्धमा।

३. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति पुनःगठन सम्बन्धमा।

४. बजेट तथा कार्यक्रम तर्जुमा समिति पुनःगठन सम्बन्धमा।

५. पूर्वाधार अनुगमन समिति पुनःगठन सम्बन्धमा।

६. शिक्षा समिति पुनःगठन सम्बन्धमा।

७. नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा।

८. विविध सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ को व्यवस्था अनुसार गाउँपालिकाको राजश्व सम्बन्धी परामर्शको लागि देहाय बमोजिमको स्थानीय राजश्व परामर्श समिति पुनःगठन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

संयोजकः अस्मिता थापा (उपाध्यक्ष)

सदस्यः दिनानाथ चौधरी (नि. प्रमुख प्रशासकीय अधिकृत)

सदस्यः टिका बहादुर क्याप्छाकी (वडा नं. ६, वडा अध्यक्ष)

सदस्यः कमला कार्की (कार्यपालिका सदस्य)

सदस्य सचिवः बलराम फुयल (राजश्व तथा लेखा प्रशासन प्रमुख)

३. **निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ को व्यवस्था अनुसार देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति पुनःगठन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

संयोजकः अशोक कुमार कार्की (अध्यक्ष)

सदस्यः अस्मिता थापा (उपाध्यक्ष)

सदस्यः घन बहादुर कार्की (वडा नं. ४, वडाध्यक्ष)

सदस्यः तारा बहादुर तामाङ् (वडा नं. ७, वडाध्यक्ष)

सदस्यः रेनुका मगर (कार्यपालिका सदस्य)

सदस्यः ईला बहादुर मुदेल (कार्यपालिका सदस्य)

सदस्य सचिवः दिनानाथ चौधरी (नि. प्रमुख प्रशासकीय अधिकृत)

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ को व्यवस्था अनुसार देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति पुनःगठन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

संयोजकः अस्मिता थापा (उपाध्यक्ष)

सदस्यः राम कुमार बुढाथोकि (संयोजक, पूर्वाधार विकास समिति)

सदस्यः हिरा बहादुर कार्की (संयोजक, सार्वजनिक सेवा तथा क्षमता विकास समिति)

सदस्यः मोहन कार्की (संयोजक, आर्थिक विकास समिति)

सदस्यः पुरुषोत्तम पौडेल (संयोजक, सामाजिक विकास समिति)

सदस्यः घन बहादुर कार्की (संयोजक, बिधेयक समिति)

सदस्यः टिका बहादुर क्याप्छाकी (संयोजक, वातावरण तथा विपद् व्यवस्थापन समिति)

सदस्य सचिवः विपना श्रेष्ठ (योजना शाखा प्रमुख)

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा स्थानीय पूर्वाधार व्यवस्थापन ऐन, २०७५ को दफा २५ अनुसार देहाय बमोजिमको पूर्वाधार अनुगमन समिति पुनःगठन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) गाउँपालिका स्तरीय पूर्वाधार अनुगमन समिति

संयोजकः अस्मिता थापा (उपाध्यक्ष)

सदस्यः- सम्बन्धित वडाका वडाध्यक्ष

सदस्यः- विपना श्रेष्ठ (योजना शाखा प्रमुख)

ख) वडा स्तरीय पूर्वाधार अनुगमन समितिः वडा समितिको बैठकबाट निर्णय गरी देहाय बमोजिमका सदस्य रहने गरी एक वडा स्तरीय पूर्वधार अनुगमन समिति गठन गर्ने;

संयोजकः- वडाध्यक्ष

सदस्यः- वडा समितिका सदस्यहरुमध्येबाट १ जना (प्रत्येक बर्ष परिवर्तन हुने गरी)

सदस्यः- वडा सचिव

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा स्थानीय शिक्षा ऐन, २०७५ को दफा १६ को व्यवस्था बमोजिम देहाय बमोजिमको गाउँपालिका शिक्षा समिति पुनःगठन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

संयोजकः अशोक कुमार कार्की (अध्यक्ष)

सदस्यः पुरुषोत्तम पौडेल (संयोजक, सामाजिक विकास)

सदस्यः कमला कार्की (कार्यपालिका सदस्य)

सदस्यः ईला बहादुर मुदेल (कार्यपालिका सदस्य)

सदस्यः सामुदायिक बिद्यालयको प्रधानाध्यापकहरु मध्येबाट प्रत्येक वर्षमा परिवर्तन हुने गरी समितिले तोकेको एक जना

सदस्यः केवल बहादुर थापा (बि.व्य.स. अध्यक्ष, ग्रामज्योति आ.वि. वडा नं. ७)

सदस्यः भुवन कुमार रोका (स्थानीय बुद्धिजिवि)

सदस्यः रेखा कुमारी तामाङ्ग (स्थानीय बुद्धिजिवि)

सदस्य सचिवः रचना मैनालि (शिक्षा अधिकृत)

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७९/८० को बार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमाको सन्दर्भमा देहाय बमोजिम गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) मिति २०७९/०३/०४ गते राजश्व परामर्श समितिले राजश्वको दर तथा दायरामा छलफल गरी राजश्वको अनुमान सहितको विवरण श्रोत अनुमान तथा सीमा निर्धारण समितिमा सिफारिस गर्ने ।

ख) मिति २०७९/०३/०४ गते सम्ममा श्रोत अनुमान तथा सीमा निर्धारण समितिले श्रोतको प्रक्षेपण र क्षेत्रगत बजेटको सीमा निर्धारण गरी विषयगत समिति, वडा समिति तथा शाखालाई जानकारी गराउने ।

ग) मिति २०७९/०३/०६ गते सम्ममा वडा समिति तथा शाखाले बजेट तथा कार्यक्रम तर्जुमा तथा प्राथामिकता निर्धारण गरी विषयगत समितिमा छलफल गराई विषयगत समितिको सिफारिस सहित बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

घ) मिति २०७९/०३/०८ गते सम्ममा बजेट तथा कार्यक्रम तर्जुमा समितिले नियमानुसार गर्नु पर्ने सम्पूर्ण क्रियाकलाप सम्पादन गरी कार्यपालिकामा पेश गर्ने ।

ङ) मिति २०७९/०३/०९ गते कार्यपालिकाको बैठक बसि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भएका नीति तथा कार्यक्रम, बार्षिक बजेट तथा कार्यक्रम, विनियोजन बिधेयक, आर्थिक ऐन माथि छलफल गरी सभामा पेश गर्ने ।

च) मिति २०७९/०३/१० गते गाउँ सभा आयोजना गर्ने ।

**८. निर्णय नं. ८,** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा आगामि कार्यपालिका बैठक मिति २०७९/०३/०३ गते बस्ने ।